


# ८ सृष्टिः सृष्टिबारे सिकाइने ठोस आधारः भाग १

*यस अध्यायका मूल पदहरूः* यूहन्ना १:१-३, उत्पत्ति १:३-५, प्रस्थान २०:८-११, प्रकाश १४:७, मत्ती १९:३-६ र रोमी ५:१२।

*यस अध्यायको मूल सार पदः* "१ आदिमा वचन हुनुहुन्थ्यो, र वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो।

३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन।" (यूहन्ना १:१-५)।

सम्पूर्ण बाइबलको आधारशीला वा जग नै उत्पत्तिको केही अध्यायहरू हुन्। बाइबलले सिकाउने मूल शिक्षादीक्षा वा दर्शनहरूको स्रोत नै उत्पत्तिको पुस्तक हो। यहाँ त्रीएक परमेश्वरको स्वभाव वा वर्णन (यूहन्ना १:१-३, हिब्रू १:१,२), यो संसार र संसारमा भएका सबै थोकको सृष्टिमा पवित्र आत्माको भूमिका (उत्पत्ति १:२), अनि मानव सृष्टिको (उत्पत्ति १:२६-२७) बारेमा उत्पत्तिकै पुस्तकमा दिइएको छ। सारा सृष्टिकर्ता परमेश्वर नै हुनुहुन्छ भनेर दिने प्रमाण साबथ (उत्पत्ति २:१-३), पापको सुरू (उत्पत्ति ३), मसीह र मुक्तिको योजना (उत्पत्ति ३:१५), विश्वव्यापी जलप्रलय (उत्पत्ति ६-९), परमेश्वर र मानिसको बीचमा बाँधिएको करार (उत्पत्ति १:२८, उत्पत्ति २:२,३,१५-१७, उत्पत्ति ९:९-१७, उत्पत्ति १५), विश्वमा विभिन्न भाषाहरू छरिनु ( उत्पत्ति १० र ११) र सृष्टिदेखि अब्राहमसम्मको बंशावली यही उत्पत्तिको पुस्तकमा पाइन्छ (उत्पत्ति ५ र ११)। अन्तमा परमेश्वरको

वचनको जीवन शक्ति (उत्पत्ति १:३, २ तिमोथी ३:१६, यूहन्ना १७:१७), मानिसको स्वभाव वा चरित्र (उत्पत्ति १:२६-२८), परमेश्वरको चरित्र वा स्वभाव (मत्ती १०:२९,३०), पुरुष र स्त्रीको बीचमा विवाह (उत्पत्ति १:२६, उत्पत्ति २:१५,१९) र नयाँ सृष्टिको प्रतिज्ञा (यशैया ६५:१७, यशैया ६६:२२, प्रकाश २१:१) सबै सामग्रीहरू उत्पत्तिका पहिलो अध्यायमा नै पाइन्छ। यो र अर्को अध्यायको अध्ययनको विषयवस्तु नै उत्पत्तिको पुस्तक हुनेछ।

## १ "आदिमा...."

**उत्पत्ति १:१मा अत्यन्तै गहिरो सत्य प्रकट गरिएको छ। त्यो के हो? हेर्नुहोस्, "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो।"**

अत्यन्तै गहिरो र भव्य तथा उच्च शब्दहरू उल्लेख गरेर बाइबल उघारिन्छ। शब्दहरू सरल छन् तर ती शब्दहरू एक एक गरेर होसियारीसाथ अध्ययन गरियो भने तिनमा नाप्नै नसकिने गहिराइहरू छन्। अझ भनौं भने मानिसहरूको निम्ति अत्यन्तै महान् र दार्शनिक तथा सोचनीय प्रश्नहरूको जवाफ ती शब्दहरूमा छन्। मानिसको हामी को हौं, हामी यस संसारमा किन जन्मियौं वा किन छौं र हामी यस संसारमा कसरी आयौं जस्ता गम्भीर प्रश्नहरूको जवाफ बाइबलको पहिलो वाक्यले दिन्छ।

विगतको निश्चित समयमा परमेश्वरले हामीलाई सृष्टि गर्नुभएकोले हाम्रो अस्तित्व हुन आएको हो। हामी हुँदै नभएको कुनै थोकबाट अचानक सृष्टि भएका होइनौं। हामी लक्ष्यहीन वेकाम वा वेकारमा सृष्टि भएका पनि होइनौं। हामी कुनै दिशाविहीन रूपमा जन्मेका पनि छैनौं। वर्तमान विज्ञानको सध्दान्तले हाम्रो सुरुवाति अस्तित्वको मूल्य सिकाउँदैन। एक पटक परमेश्वरमा विश्वास गरेका तर पछि उहाँप्रतिको आस्था वा विश्वास गुमाएका चार्ल्स डार्विनले सिकाएका विकासवादी सिद्धान्त बाइबल बिपरीत छ। उनको शिक्षालाई बाइबलसँग तालमेल गराएर सिकाउन थालियो भने त्यो अनर्थ र हास्यास्पद हुन जान्छ।

परमेश्वरले हाम्रो सृष्टि एक निर्धारित समयमा गर्नुभएको थियो: "आदिमा वा सुरुमा।" यसको अर्थ आदि वा सुरुवात भन्दा पहिले नै परमेश्वरको अस्तित्व थियो। समयलाई सृष्टि गरिनुभन्दा पहिले परमेश्वर हुनुहुन्थ्यो। "बेलुकी र विहान" भनेर सृष्टि गरिएको दैनिक समय चक्रलाई देखाइएको थियो। महिना र वर्ष सूर्य र चन्द्रमासँग सम्बधित समय पनि

तोकिएको थियो। सृष्टि एकदमै सुरुमा गरिएको थियो भनेर बाइबलका अन्य अंशहरूले पनि अनुमोदन र समर्थन गरेको छ। सुरुमा गरिएको सृष्टि पूर्ण र सिद्ध थियो भनेर विभिन्न ठाउँहरूमा बाइबलले आवाज उठाउँदछ। त्यसको अर्थ परमेश्वरको सृष्टिको काम र तरिकालाई बाइबलले निरन्तररूपमा दृढतासाथ व्यक्त गर्दछ (यूहन्ना १:१-३)।

**देहायका केही पदहरूमा कसको माध्यमबाट सृष्टिको कार्य सम्पन्न भएको थियो भनेर लेखिएको छ? त्यही सृष्टिकर्ता क्रूसमा मर्नुभयो सो विषयलाई आदरपूर्वक सोच्नुहोस्। अनि हेर्नुहोस्, यूहन्ना १:१-४ "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन।" र हिब्रू १:१-३ "१ प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। २ तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो। ३ उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्भाल्नुहुन्छ। पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो।"**

येशूको माध्यमबाट सबै थोक सृष्टि भएका थिए भनेर बाइबलले सिकाउँदछ। यूहन्ना १:३ अनुसार सबै थोक उहाँबाट सृष्टि भएको थियो र उहाँ बिना कुनै थोक, बस्तु वा तत्वको सृष्टि भएन। येशूद्वारा नै समस्त संसार वा जगतको सृष्टि भएको थियो। सुरुदेखि सबैको उत्पत्ति वा स्रोत उहाँ नै हुनुभएकोले उहाँले जे सुरु गर्नुभयो त्यसको अन्त्य पनि उहाँले नै गर्नुहुनेछ भन्ने आशा हामीमा छ किनकि उहाँ नै "अल्फा र ओमेगा अर्थात आदि र अन्त हुनुहुन्छ (प्रकाश १:८, प्रकाश २२:१३)।

**यो सृष्टि जगतको कुनै अचानकको बिस्फोटबाट निस्किएको तत्वबाट बिकसित हुँदै बाँदरबाट मानिस हुन गएको हो भनेर विश्वास गर्नुको सट्टा (याद गर्नुहोस् बिकासवादी सिद्धान्तलाई स्वीकार्न पनि विश्वासै चाहिने रहेछ) परम**

पिता परमेश्वरले नै सृष्टि गर्नुभएको हो भन्ने ज्ञानलाई विश्वास गर्दा तपाईंको जीवनमा के भिन्नता हुन वा आउन सक्छ? यदि तपाईंले परमेश्वरको काममा विश्वास गर्नुभएन भने तपाईं आफैप्रति र अरूलाई गर्ने व्यवहारमा कस्तो भिन्नता आउन सक्ला? (मानिस पशु नै हुन्, त्यसकारण उसलाई पशुसरह दमन गरेर व्यवहार गर्नुपर्छ भन्ने सिद्धान्त, दर्शन वा शिक्षा कहाँबाट आयो होला?- अनुवादकको जिज्ञासा)।

## २. सृष्टिका दिनहरू

आज भोलिका विद्वान् भनाउँदाहरू, वैज्ञानिक भनाउँदाहरू, बुद्धिजीवी भनाउँदाहरू वा धर्मको खोल ओढ्नेहरू (इसाई नै किन नहुन्) छ दिन लगाएर गरिएको संसारको सृष्टि साँच्चिकै होइन, यो त दन्त्यकथा वा पुराण हो, यो अर्तीकथा हो प्रतीक वा शब्दजालमात्र हो भनेर सिकाउँदछन्। विशेष गरेर अठारौं शताब्दीमा विकासवादी सिद्धान्त प्रतिपादन भएपछि ती धारणाहरू मानिसले सिकाउन थालेका हुन्। त्यस सिद्धान्त वा शिक्षाले यो पृथ्वी (ग्रह) युगौं युगपछि आफै विकसित भएको हो भनेर सिकाउँदछ।

तर यस विषयमा उत्पत्तिको पुस्तकले हामीलाई के सिकाउँछ? उत्पत्ति १मा लेखिएका "दिनहरू"ले कुनै मनगडन्ते, पुराणमा थन्किएका धारणा, वा ती दिनहरू वास्तविक दिन होइनन् भन्ने धारणाप्रति किन ठाडै असहमति जनाउँछ?

देहायका पदहरूमा "दिन"लाई कुन अर्थमा प्रयोग गरिएको छ? हेर्नुहोस्, उत्पत्ति १:३-५ "३ अनि परमेश्वरले भन्नुभयो, “उज्यालो होस्।” तब उज्यालो भयो। ४ अनि परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो। उहाँले उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नुभयो। ५ परमेश्वरले उज्यालोलाई “दिन” र अँध्यारोलाई “रात” भन्नुभयो। साँझ पर्‍यो र बिहान भयो– पहिलो दिन।" र प्रस्थान २०:८-११ "८ “शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै

**थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।"**

सृष्टिको बारेमा व्याख्या गर्न बाइबलमामा हिब्रू भाषा योम yom वा "दिन" भन्ने शब्द प्रयोग गरिएको छ। यो अक्षरस वा वास्तविक दिन नै हो। उत्पत्तिको पुस्तक अनुसार दिन भनेको वास्तविक दिन हो, जसरी हामीले एक दिन भनेर बुझ्दछौं। यो सृष्टिको दिनलाई लम्ब्याउन वा अरू कुनै अर्थ लगाउन बाइबलले अनुमति दिँदैन। कतिपय विद्वानहरूले सृष्टिका दिनहरू वास्तविक दिनहरू हुन् भनेर विश्वास नगरेतापनि उत्पत्तिको लेखकले "दिन" भन्नुको अर्थ अक्षरस वा वास्तविक दिन नै हो भनेर बुझाउन खोजिएको छ भनेर स्वीकार्दछन्।

प्रथम समयलाई जनाउने शब्द योम वा दिन भनेर परमेश्वरले नै किटानी गर्नुभएको विषयलाई रोचक मान्नुपर्दछ (उत्पत्ति १:५)। योम वा दिनको अर्थ बेलुका र बिहानी भन्ने हुन्छ (उत्पत्ति १:५,८)। “दिन” भन्दा एक दिन भन्ने अर्थ हुन्छ।त्यसले धेरै दिन वा लामो समय भनेर बुझाउँदैन।

यसरी सात दिन लगाएर गरिएको सृष्टिले समयको पूर्णतालाई देखाउँछ। एक पछि अर्को दिन भनेर आधारभूत वा अक्षरस गन्तीलाई तोकिएको छ। हिब्रूमा त्यस गन्तीलाई echad (इक्याड) अर्थात् एक भनिन्छ। अनि एकदिनपछि अर्को दिन भनेर गनेर नै गिन्ती गरेको दिन उल्लेख गरिएको छ। यो दिन गन्तीले एक एक दिनको गन्ती गरेर अन्तमा सातौं दिन भनेर एक हप्ताको दिनहरूलाई स्पस्ट पार्दछ। ती दिनहरूको बीचमा कुनै रिक्तता वा खाली हुन्छ भनेर बाइबलमा भएको वयानले कुनै किसिमको आभास् दिएको छैन। सात दिन लगाएर गरिएको सृष्टि त्यही सात दिन हो जुन अहिले पनि हामीले मानिरहेकाछौं।

फेरि परमेश्वरले आफ्नै हातले ढुङ्गाको पाटीमा चौथौं आज्ञा लेख्नुभएको आधारमा पनि सात दिन लगाएर गरिएको सृष्टि अक्षरस वा वास्तविक दिनहरू नै हुन् भनेर प्रमाणित गर्न सकिन्छ। सातौं दिन साबथलाई निरन्तररूपमा सम्झेर विश्राम गर्नुपर्ने परमेश्वरको आदेशले एक दिन बराबर कुनै युग वा लाखौं वर्ष नभएर, वास्तविक र हामीले अनुभव गरिरहेको दिन नै हो भन्ने कुरालाई स्पष्ट पार्दछ।

**उत्पत्तिमा लेखिएको सृष्टि मात्र सृष्टि होइन। येशूको दोस्रो आगमनमा पुनः सृष्टि हुने अर्को प्रतिज्ञा पनि दिइएको छ।** जब तुरही फुकिन्छ तब

आँखाको निमेषमा हाम्रो नश्वर वा नाश हुने शरीरलाई अमर वा कहिल्यै नाश नहुने शरीरमा परिणत वा परिवर्तन गरिनेछ भनेर पावलले १ कोरन्थी १५:५२मा उल्लेख गरेका छन्। येशूको दोस्रो आगमनमा तुरहीको आवाजमा हामीलाई परमेश्वरले तुरुन्तै फेरि सृष्टि गर्नुहुनेछ भनेर किटानी गरिएको अवस्थामा, यो संसारको सृष्टि खरबौं वर्षपछि विकसित हुँदै अहिलेको अवस्थामा आइपुगेको थियो भन्ने विकासवादको सिद्धान्तलाई कुन आधारमा विश्वास गर्ने?

## ३ साबथ र सृष्टि

कतिपय धर्म निरपेक्ष र धार्मिक समूदायहरूले (विभिन्न सम्प्रदायका इसाईहरू पनि) सातौं दिन साबथलाई भिषण आक्रमण गरिरहेका छन्। यो आक्रमणको ज्वलन्त उदाहरण विश्वव्यापीरूपमा काम गर्ने तालिकाले देखाउँदछ। कतिपय पश्चिमी देशहरूले सोमबारलाई हप्ताको पहिलो दिन मानेर शनिबार नभइ आइतबारलाई सातौं दिन हो भनेर क्यालेन्डरमा राखेको पाइन्छ। केही समय अघि पोपले जलबायु परिवर्तन सम्वन्धी सम्मेलनमा आइतवारलाई नै यहूदीहरूको साबथ मानेर हप्ताको एक दिन विश्राम लिन आह्वान गरेका थिए। त्यसो गरिएमा विश्वको जलबायु परिवर्तनमा सुधार आउँछ भन्ने उनको दावी थियो (पोप फ्रान्सिसः लौडाटो सि (भाटिकन प्रेस, २०१५) पृ. १७२,१७३)।

सात दिन लगाएर गरिएको सृष्टि चौथौं आज्ञासँग कसरी अन्तरसम्वन्धित छ भनेर देहायका पदहरूले कसरी देखाउँछ? तीन स्वर्गदूतहरूका सन्देशहरूमा सृष्टिकर्ता परमेश्वर कै पूजा गरिनुपर्छ भनेर किन जिकिर गरिएको हो? हेर्नुहोस्, उत्पत्ति २:१-३ "१ यसरी आकाश र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए। २ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।", प्रस्थान २०:८-११ "८ "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र

**भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।" मर्कूस २:२७-२८ "२७ तिनीहरूलाई उहाँले (येशूले) भन्नुभयो, "शबाथ-दिन मानिसको लागि बनेको हो, मानिस शबाथ-दिनको निम्ति होइन। २८ यसैकारण मानिसको पुत्र शबाथ-दिनको पनि प्रभु हो।" र प्रकाश १४:७ "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"**

सातौं दिनमा परमेश्वरले आफूले गर्नु भएको काम सम्पन्न वा सिध्याउनुभयो भनेर बाइबलले भन्दछ (उत्पत्ति २:२)। "आफूले गरेको काम सातौं दिनमा सिध्याउनुभएपछि परमेश्वरले त्यसलाई पवित्र अर्थात् त्यो दिनलाई अरू दिनहरूभन्दा अलग राख्नुभयो। त्यो दिन मानिसहरूको निम्ति विश्रामको दिन भनेर परमेश्वरले तोक्नुभएको थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्कस् एण्ड प्रोफेटस्,* पृ. ४७बाट रूपान्तरित। त्यसैकारण येशूले यो भन्न सक्नुभएको थियो "साबथ मानिसहरूको निम्ति बनिएको हो, साबथको निम्ति मानिस बनिएको होइन" (मर्कूस २:२७ रूपान्तरित)। येशूले यस खालको आधिकारिक वक्तव्य दिन सक्नु भएको थियो किनकि उहाँले नै साबथ सृष्टि गर्नुभएको थियो। यो दिन सृष्टि र सृष्टिकर्ता अलग हुन् भनेर देखाउने अनन्तको चिन्ह थियो साथै परमेश्वर र उहाँका जनहरूको बीचमा करारको लाल मोहर वा छाप पनि यही साबथ थियो। साबथ केवल यहूदीहरूको निम्तिमात्र होइन तर सबै मानव जातिको निम्ति हो (किनकि साबथ सृष्टि गरिएको दिनमा आदम र हव्वा बाहेक अरू कुनै मानिस जाति थिएनन् न त यहूदी जात भन्ने धारणाको अस्तित्व नै थियो)।

साबथ दिन सृष्टि गरिएपछि येशूले तीन थोक गर्नुभएको थियो भनेर उत्पत्तिको पुस्तकले बताउँदछ। पहिलो, उहाँले "बिश्राम लिनुभयो" (उत्पत्ति २:२)। उहाँ आफै अनुकरणीय उदाहरण हुनुभएर हामी सबै मानव जातिले विश्राम लिओस् भन्ने उहाँको चाहना हामीलाई देखाउनुभएको थियो। दोस्रो, उहाँले विशेष गरेर सातौं दिनलाई "आशिष" दिनुभयो (उत्पत्ति २:३)।

सृष्टिको विवरणमा पशुपंक्षीहरूलाई परमेश्वरले आशिष दिनुभएको थियो (उत्पत्ति १:२२), आदम र हव्वालाई आशिष दिनुभएको थियो (उत्पत्ति १:२८) तर हप्ताको सात दिनहरूमध्ये केवल सातौं दिनलाईमात्र विशेष गरेर आशिष दिनुभएको थियो। तेस्रो, परमेश्वरले यस दिनलाई "पवित्र वा चोखो" पार्नुभयो (उत्पत्ति २:३)।

बाइबलमा अरू कुनै दिन छैन जसलाई यी तीन ओहोदाले विभूषित गरिएको होस्। अर्थात् कुनै पनि अरू दिन छैनन् जसमा तीनवटा काम वा थोकहरूद्वारा परमेश्वरले विशेष ध्यान दिनुभएको होस्। ती तीन कामहरू चौथौं आज्ञामा दोहोरिएका थिए। त्यसबेला परमेश्वरले यस दिनको गरिमा वा सम्मानलाई आफ्नै औँलाले लेख्नुभएको थियो। साबथको आधारशीला सृष्टि हो भनेर परमेश्वरले औँल्याउनुभएको थियो (प्रस्थान २०:११)।

**सनातन सृष्टिकर्ता परमेश्वर नै हाम्रो पुजनीय परमेश्वर हुनुहुन्छ भन्ने आधार नै साबथको आज्ञा हो भनेर कसरी प्रकाश १४:७ र प्रस्थान २०:११ले स्पष्ट पार्दछ? अन्तिम दिनहरूमा हुने विभिन्न घट्नाहरूसँग साबथको सम्बन्ध कसरी सिधै जोडिएको छ?**

## ४. सृष्टि र विवाह

विगत केही दशकहरूमा समाज र सरकारले विवाहको बारेमा गरेको परिभाषामा ठूलो परिवर्तन आएको छ। कतिपय देशहरूमा समलिङ्गी वा पुरुष पुरुषको बीचमा र स्त्री स्त्रीको बीचमा हुने विवाहलाई अनुमोदन गरिएको छ। परिवारको संरचना र सुरक्षाको निम्ति आवश्यक रहेको एक पुरुष र एक स्त्रीमा केन्द्रित परम्परागत संरचनालाई तिनीहरूले भत्काइ रहेका छन्। धेरै कारणहरूले गर्दा यो खालको आधुनिक संरचनाको बिकासले धेरै चुनौति तथा प्रश्नहरू खडा गरिरहेकाछन्। यसले पुरुष र स्त्रीको बीचमा हुने विवाह र दाम्पत्य जीवनलाई खलबल्याइरहेको छ। चर्च र राज्यको बीचमा हुने सम्बन्धमा धक्का पुगिरहेको छ। पवित्र धर्मशास्त्र बाइबलले सिकाए अनुसार विवाहको पवित्रता र परिवारको संरचनालाई आधुनिकताको नाउँमा बिगारिहेका छन्।

**देहायका पदहरूमा परमेश्वरको योजना अनुसार आदर्श विवाह वा दम्पत्तीलाई कसरी व्याख्या गरिएको छ? हेर्नुहोस्, उत्पत्ति १:२६-२८ "२६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं।**

तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।", उत्पत्ति २:१८, २०-२४ "१८ फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एकलो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।" ... २० अनि मानिसले नै सबै पालिने पशु, आकाशका पन्क्षी र सबै वन-पशुहरूका नाउँ राखे। तर आदमको निम्ति तिनलाई सुहाउँदो कोही सहयोगी पाइएन। २१ यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो। २२ जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो। २३ मानिसले भने, "यो त मेरै हाड़को हाड़ र मासुको मासु हो। तिनलाई स्त्री भनिने छ।
किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्। २४ यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन्।"

आफ्नो सारा सृष्टिको कामको केन्द्रबिन्दु वा मुख्य समय हप्ताको छैठौं दिन थियो। त्यस दिनमा परमेश्वरले मानव जातिलाई सृष्टि गर्नुभएको थियो। आफूलाई सम्बोधन गर्दा परमेश्वरले बहुवचन प्रयोग गर्नुभएको विषयलाई अचम्मै मान्नुपर्दछ। उत्पत्ति १:२६मा व्यक्त गरिएको वचन अर्थमूलक छ, "अब हामीले मानिसलाई हाम्रै स्वरुपमा बनाऔं।" सबै प्रेमको सम्बन्धमा रहनुभएको त्री-एक परमेश्वर अब एकमत भएर यस संसारमा मानव जातिको सृष्टि गर्नुहुन्छ र त्यसलाई निरन्तरता दिन उहाँहरूले वैवाहिक संरचना स्थापना गर्नुहुन्छ जसमा पुरुष र स्त्री विवाहद्वारा एक आपसमा सौहार्द र प्रेमिलो सम्बन्धमा रहून्।

यो स्पष्ट छ परमेश्वरले आफ्नै स्वरुपमा मानिसलाई सृष्टि गर्नुभयो। उहाँले नर र नारी सृष्टि गर्नुभयो (उत्पत्ति १:२७) (परमेश्वरको यो कामले

पुरुष र स्त्रीको समानतालाई देखाउँछ। पुरुषमात्र होइन महिलालाई पनि परमेश्वरको स्वरुपमा सृष्टि गरिएको छ। इश्वरीय स्वभावमा वा परमेश्वरको स्वरुप भएर आदर गरिने समूहमा केवल पुरुषमात्र होइन महिला पनि समान रूपमा  समावेश हुनुपर्दछ- अनुवादकको व्यक्तिगत प्रतिक्रिया)।

आदमले भने, "यो त मेरो हाड र छाला हो" (उत्पत्ति २:२३ रूपान्तरित)। अनि आदमले नै उनलाई "स्त्री" भनेर नामांकरण गर्छन्। अनि वैवाहिक जीवन सुलभ र सौहार्द अर्थात् खुशी बनाउन विवाह गरेपछि "पुरुष आफ्ना बाबु र आमाबाट अलग भएर आफ्नी श्रीमतीसँग जोडिनुपर्दछ जसले गर्दा ती दुई अलग अलग जीव होइनन् तर एकै जिऊका हुन जान्छन्" (उत्पत्ति २:२४ रूपान्तरित)।

विवाह गरेपछि पुरुष र स्त्रीको सम्बन्धलाई एक शरीर भनेर धर्मशास्त्र बाइबलले स्पष्ट किटानी गर्दछ। तिनीहरू पुरुष र स्त्री भएपछि आफ्ना बाबु र आमाबाट अलग भएर छुटै परिवार गठन गर्न तयार हुन्छन् भनेर बाइबलले बताउँछ। यस पृथ्वीका हाम्रा प्रथम पुर्खा वा बाबु र आमालाई दिइएको निर्देशनले यसरी स्पष्ट पार्दछः "परमेश्वरले तिनीहरूलाई आशिष दिनुभयो र भन्नु भयो, "फल्दै फुल्दै र बृद्धि हुँदै जाओ। यस पृथ्वीमा भरिओ र यसलाई सम्हाल" (उत्पत्ति १:२८ रूपान्तरित)। (दुःख लाग्दो कुरो त यो छ जब पाप आयो तव त्यो वाक्य उल्टोपुल्टो हुन गएको छः वृद्धिचाहीँ हुने तर फलदायी नहुने परिवार वन्नु दुखद हो।-अनुवादकको धारणा)। पाचौं आज्ञामा सन्तान वा छोराछोरीहरूलाई आफ्ना पिता र मातालाई आदर गर भनिएको छ (प्रस्थान २०:१२)। यो खालको पारस्परिक सम्बन्ध जबसम्म स्त्री र पुरुषको बीचमामात्रै वैवाहिक सम्बन्ध गाँसिन्छ तबसम्म मात्र सम्भव हुन्छ।

**येशूले मत्ती १९:३-६मा व्यक्त गर्नुभएको वचन पढ्नुहोस्। यसमा हामीलाई विवाहको पवित्रताको विषयमा कसरी सिकाइएको छ? येशूको आफ्नै वचन अनुसार र समस्त मानव जातिलाई देखाइएको परमेश्वरको प्रेमलाई कहिल्यै पनि नविर्सने र हामी पापी नै भएतापनि विवाहको सम्बन्धमा बाइबलको नीतिमा अडिग भएर कसरी खडा भइरहने?**

## ५. सृष्टि, पतन र क्रुस

सिद्ध सृष्टि, मानिसको पतन, प्रतिज्ञा गरिएका मसीह र अन्तमा उद्धारलाई नचुँडिने डोरीले बाँधिएको विषयलाई बाइबलले देखाएको छ। ती मूल घट्नाहरू नै मानव जातिको निम्ति मुक्तिको आधार हुन्।

**परमेश्वरले आशिष दिनुभएको सिद्ध सृष्टि के भयो? हेर्नुहोस् देहायका पदहरूः उत्पत्ति १ः३१ "आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो। साँझ पर्‍यो र बिहान भयो– छैटौं दिन।", उत्पत्ति २ः१५-१७ "१५ परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो। १६ अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखका फल तिमीले सङ्कोच नमानी खाए हुन्छ, १७ तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ तिमी निश्चय नै मर्नेछौ।"र उत्पत्ति ३ः१-७ "१ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?" २ स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, ३ तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौं'।" ४ सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ। ५ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।" ६ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए। ७ अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए। अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए।"**

आफूले गर्नुभएको सृष्टि असलमात्र होइन "धेरै असल" (उत्पत्ति १ः३१) भनेर परमेश्वरले खुशी व्यक्त गर्नुभएको थियो। "सृष्टिको काम अब सकियो...अदनको बगैंचा सौन्दर्यतामा फलेको थियो। आदम र हव्वा जीवनको रूखमा बिना रोकटोक जान पाउथे। यस उत्तम र सौन्दर्यमय सृष्टिमा कुनै पापको दाग र मृत्युको छायाँ थिएन।", एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ४७बाट रूपान्तरित। यदि मनाही गरेको रूखको फल खायौ भने

तिमीहरू मर्नेछौ भनेर परमेश्वरले आदम र हव्वालाई सचेत गराउनुभएको थियो (उत्पत्ति २:१५,१७। याद गर्नुहोस् त्यसको नजिक नजाऊ भन्नुभएको थिएन तर त्यसको फलमात्र नखाऊ भनेर परमेश्वरले भन्नुभएको थियो। उहाँले त्यसको सामु नजानु र नछुनु भन्नुभएको थिएन-अनुवादकको जिज्ञासा)।

जब सर्परुपी शैतान हव्वासँग कुरा गर्न थाल्यो तब परमेश्वरले भन्नुभएको कुरालाई त्यसले चटक्कै काट्यो "तिमीहरू मर्नेछैनौ" (उत्पत् ३:४)। यदि तिमीले त्यो मनाही गरिएको फल खायौ भने तिमी महान् ज्ञान वा दर्शनहरूले सम्पन्न हुनेछौं र तिमी (उनीहरू) पनि परमेश्वर वा भगवान् जस्तै हुनेछ्यौं भनेर शैतानले भन्यो। र शैतानको त्यो छललाई हब्बाले विश्वास गरिन् र प्रलोभनमा परिन्।

**उत्पत्ति २:१५-१७मा परमेश्वरले व्यक्त गर्नुभएको वचनलाई पावलले कसरी समर्थन जनाउँछन्? धर्मलाईचाहीँ मान्ने तर विकासवादी सिद्धान्तलाई विश्वास गर्ने? हेर्नुहोस्, रोमी ५:१२ "एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।" रोमी ६:२३ "किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।"**

बाइबलमा पहिला व्यक्त गरिएका धारणाहरू बाइबलका पछिल्ला लेखकहरूले व्यक्त गरेका धारणाहरूसँग मिल्नेमात्र होइन अझ थप ज्ञान उपलब्ध गरेको पाइन्छ। पापको बारेमा र मुक्तिको सौन्दर्यताको बारेमा व्यक्त गर्दै पावल भन्दछन्, "एक जना मानिसले गर्दा यस पृथ्वीमा पाप भित्रियो, पापद्वारा मृत्यु पनि भित्रियो। यसले गर्दा सबै मानिस मृत्युको पासोमा परे" (रोमी ५:१२)। तर विकासवादी सिद्धान्तले मानिसको उत्पत्ति हुनुभन्दा पहिले नै मृत्यु थियो भनेर सिकाउँछ। यो धारणा बाइबलले सिकाएको पापको सुरुवातसँग मेल खादैन। हाम्रो सट्टामा येशू क्रुसमा मर्नुभएको र मुक्तिको योजनाको धारणासँग विकासवादी सिद्धान्तले गम्भीररुपमा असहमति जनाउँछ। मृत्युको पापसँग कुनै सम्बन्ध छैन भन्दा पापको ज्याला मृत्यु हो भन्नुको अर्थ पनि हुँदैन (रोमी ६:२३) र हाम्रो पापको निम्ति येशूको मृत्युको कुनै औचित्य पनि रहदैन। त्यसकारण, सृष्टि, पतन र क्रुस यी तीन तत्व फुकाउन नसकिने गाँठो हुन्। अर्को शब्दमा भन्ने हो भने यी तीन धारणाहरू एक आपसमा नअलगिने गरि जोडिएका छन्। पहिलो आदम अन्तिम आदमसँग गाँसिएका छन्। (१ कोरन्थी १५:४५-४९ "४५ यसकारण यस्तो लेखिएको छ, “पहिलो

मानिस आदम जीवित प्राणी भयो।" अन्तिम आदम जीवन दिने आत्मा भयो। ४६ पहिलोचाहिँ आत्मिक होइन, तर प्राकृतिक हो, र त्यसपछि चाहिँ आत्मिक हो। ४७ पहिलो मानिस माटोले बनिएको, पृथ्वीबाट हो। दोस्रो मानिस स्वर्गको हो। ४८ माटोले बनिएको मानिसजस्तो थियो, माटोले बनिएकाहरू पनि त्यस्तै हुन्छन्, र स्वर्गीय मानिस जस्तो छ, स्वर्गकाहरू पनि त्यस्तै हुन्छन्। ४९ जसरी हामीले माटोका मानिसको रूप धारण गरेका छौं, त्यसरी नै स्वर्गका मानिसको रूप धारण गर्नेछौं।" यदि चार्ल्स डार्विन जस्ता जुतिसुकै धुरन्धर वैज्ञानिक वा दार्सनिकहरूले उमारेका विकासवादी सिद्धान्तसँग कुनै किसिमले सम्झौता गरियोभने त्यसले बाइबलले सिकाएका सत्यका मूल आधारलाई नै ध्वस्त पारिदिन्छ। विकासवादी सिद्धान्तले इसाई दर्शन वा शिक्षाको आधारशीला नै भत्काइ दिन्छ।

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *पाट्रियार्क एण्ड प्रोफेटसको* पृ. ४४-५१को "द क्रियशन" र पृ. १११-११६को "द लिटरल विक।"**

"भाषाको हिसाबले होस् वा साहित्यिक हिसाबले होस् अन्य धारणाहरूसँग तुलना गरेर जुटाइएका विभिन्न प्रमाणहरूले उत्पत्ति १मा उल्लेखित *योम* वा दिनले अक्षरस वा वास्तविक २४ घन्टाको दैनिक समय भनेर देखाउँछ।

उत्पत्ति १का लेखकले जुनरुपले वास्तविक वा अक्षरस दिनलाई दिन नै भनेर सम्बोधन गरे त्यो जस्तो "दिन"लाई अरू कुनै किसिमले व्यक्त गर्न सकिदैन्थ्यो।"-गेरहार्ड एफ. हासेल, "द डेजस अभ क्रियशन इन जेनसिस १ः लिटर डेज र फिगरेटिभ 'पिरियडस् र इपोकस्' अभ टाइम्स?" (ओरिजिन्स २१.१ (१९९४), पृ. ३०,३१बाट रूपान्तरित।

"यदि परमेश्वरको वचनले अगुवाई नगरेको भए जतिसुकै मैहुँ भन्ने विद्वानहरू किन नहुन् वा तिनीहरूको दिमाग किन नहोस्, तिनीहरूले विज्ञान र प्रकाश वा परमेश्वरको वचनलाई विभिन्न खोज अनुसुन्धानबाट मिलाउने प्रयास गरे तिनीहरूको दिमाग नै अलमलमा पर्न सक्छ। सनातन सृष्टिकर्ता परमेश्वर र उहाँका कामहरू तिनीहरूको सोच भन्दा बाहिर वा अपार छः तिनीहरूले सोचेका प्राकृतिक नियमबाट बाइबल व्याख्या गर्न नसकिने भएकोले तिनीहरू

बाइबलको इतिहास भरपर्दो छैन भनेर सिकाउँदछन्।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ८, पृ. २५८बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको माथिको मन्तव्य फेरि हेर्नुहोस्। आजभोलि इसाई भनाउँदाहरू नै विज्ञानले दावी गरेका सिद्धान्तसँग सम्झौता गरेर बाइबलको इतिहासलाई भरपर्दो छैन भनिरहेका छन्। यसलाई तपाईं के भन्नुहुन्छ?

आ. ईश्वर वा धर्मलाई विश्वास गर्ने तर विकासवादी सिद्धान्तलाई पनि अङ्गाल्ने व्यक्तिले बाइबललाई गम्भीररुपमा लिन किन असम्भव छ? यदि विकासवादी सिद्धान्तलाई पनि अङ्गाल्ने कोही इसाई तपाईंको सम्पर्कमा छन् भने पावलले लेखेका (रोमी ५) आदमको पतन, मृत्यु र येशूको क्रुसको बीचमा के सम्बन्ध छ भनेर सोध्नुहोस्। तब तिनले चित्तबुझ्दो जवाफ देलान्?

इ. परमेश्वरको वचन, बाइबलमा व्यक्त गरिएका शिक्षादीक्षा अध्ययन गर्दा त्यसमा भएका सत्यहरूले विश्वासीहरूको विश्वास र आँखा झन् वास्तविकरुपमा खोल्दैन होला र? अनन्तको परमेश्वरले बाइबलमा भएका सत्यहरूलाई प्रकट गर्नुहुँदा इसाईहरूलाई संकुचित मानिसहरू भनेर कसरी भन्न सकिन्छ र? अथवा भौतिकवादी नास्तिकहरूले देखेको संसार इसाईहरूले देखेको भन्दा झन् संकुचित छैन र?

ई. हामी परमेश्वरको वचनमा प्रतिवद्ध भइरहदा कतिपय समयमा नारी र पुरुषको बीचमा हुने असमान लैंगिक व्यवहार देखिइनुलाई के भन्ने? वेचविखनमा परेर शरीर बेच्न विवस रहेका नारीहरूप्रति संवेदनसील बन्न र तिनीहरूलाई ढुँङ्गा नहान्ने यथार्थवोधप्रति हामी कसरी सजग रहने?

कथा ८

## हृदयघात हुन पर्खिरहेको

## यियानाकि किरियाजिस

बिहान पाँच बजे मेरो पेट अत्यन्तै दुख्यो जसले गर्दा मलाई उठायो। अनि एक छिन लडें र मलाई सास फेर्नै गाह्रो भएको थियो। म ६० वर्षको थिएँ र मेरो स्वास्थ राम्रो थिएन। त्यसकारण म साइप्रसको राजधानी निकोसियामा रहेको अस्पतालमा सिधै गएँ। डाक्टरले मलाई जाँच्यो र सबै कुरो ठिक छ भनेर मलाई भने र घरमा जानु पनि भने। मेरी श्रीमती मार्बी मसँग थिइन्। उनैले गर्दा मैले चुरोट खान टाडेको थिएँ नत्र म दिनको पाँचबट्टा चुरोट खान्थें। उनैले गर्दा नै मैले येशूलाई विश्वास गरें र सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा समावेश भएँ। यदि मेरो जीवन परिवर्तन भयो भनेमात्र मसँग बिवाह गर्ने भनेर उनले मसँग प्रस्ताव राखेकी थिइन्। मैले बप्तिस्मा पनि लिएँ।

विवाह भएको र नयाँ चर्चमा जान थालेको दुई वर्ष हुँदा मेरो शरीर धेरै अस्वस्थ भइरहेको थियो।

"म कहीं पनि जान्न" मैले डाक्टरलाई भनें किनभने मलाई भित्र दुखीरहेको थियो र त्यो दुखाइ किन थियो सो मैले जान्न चाहेको थिएँ। मेरो जिद्दिले गर्दा डाक्टरले मुटुको डाक्टरलाई बोलाए। उनको अस्पतालमा आउने समय भएकै थिएन। त्यसकारण मैले पर्खें। एक घन्टा, दुई घन्टा, पाँच घन्टा, सात घन्टा अनि आठ घन्टा। दिउँसो एक बजे मेरो दुखाइ झन चर्किन थाल्यो। सास फेर्न पनि गाह्रो भएको थियो। बाहिर ताजा हावा खान भनेर म उठें। मलाई चक्कर लाग्यो अनि अचानक सबैतिर अँध्यारो देखें। त्यतिकै बेला कसैले चिच्यायो, "छिटो! उनलाई हृदयघात भइरहेको छ।" त्यतिकैबेला मुटुको डाक्टर पनि आइपुग्यो। अस्पतालका कर्मचारीहरूले मलाई इमर्जेन्सी कोठामा लगे। जब मेरो होस खुल्यो तब मैले थाहा पाएँ कि मेरो मुटुका नलिहरू नराम्रोसँग जमिरहेको थियो। "हामीले के गर्नसक्थ्यौं सबै गर्‍यौं" मुटुको डाक्टरले मलाई भने। म तीन हप्तासम्म अस्पतालको गम्भिर बिरामीहरूलाई राख्ने कोठामा बसें। जब मलाई अलिकति हलुको भयो तब डाक्टरहरूले मेरो मुटु खोलेर चिरफार गरे। अपरेशन कोठामा बसेको झण्डै

दश घन्टा भएको थियो। परमेश्वरको अनुग्रहले अपरेशन राम्रै भयो र म अहिले फेरि बलियो र खुशी छु।

जब मेरो पेट दुखेर पाँच बजे उठेको सम्झना भयो तब मलाई थाहा भयो कि त्यो समय मेरो हृदयघातको सुरु थियो। त्यतिनै बेला म मर्ने थिएँ। तैपनि प्रिय परमेश्वरले मेरो हृदयघात साढे आठ घन्टासम्म रोक्नुभयो। अनि जब मुटुको डाक्टर आइपुग्यो र मलाई बचायो।

*(आज म ६१ वर्षको छु। मलाई नयाँ जीवन दिनुभएकोमा म परमेश्वरलाई धन्यवाद दिन्छु। मैले पाएको थप वर्षहरू उहाँलाई र अरूलाई सेवा गर्न प्रयोग गर्नेछु)।*